नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स.नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल।

पत्र संख्या :-
च.नं.

# प्रेस विज्ञप्ति

आज मिति २०७९/१०/०९ गते सोमबारका दिन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीज्यू र माननीय राज्यमन्त्री श्री सुशिला सिर्पाली ठकुरीज्यूले मन्त्रालयका सचिव श्री सुरेश अधिकारी समेतको उपस्थितिमा नेपाल वायुसेवा निगमको कार्यालय, नयाँसडकमा निरीक्षण भ्रमण गर्नुभयो। सो अवसरमा माननीय मन्त्रीज्यूहरुले निगमको सञ्चालनको अवस्था, निगमले भोग्नुपरेका समस्या लगायतका विषयहरुमा जानकारी लिनुभयो।

निरीक्षण भ्रमण पश्चात माननीय मन्त्रीज्यूले नेपाल वायुसेवा निगमले संस्थाले स्पष्ट व्यावसायिक योजनाको साथ व्यवसायिकतालाई ध्यान राखी विमानहरुको उचित व्यवस्थापन गरी नागरिकलाई प्रदान गरिने सेवा प्रति प्रतिबद्ध रही गुणस्तरीय एवम् चुस्त सेवा प्रवाह गर्न, निगमको व्यवस्थापकीय सुधार मार्फत समयमै परिणाममुखी ढंगले कार्य सम्पादन गर्न, हवाई टिकट अनलाईन बुकिङ्ग गर्न सकिने व्यवस्था एक महिना भित्र मिलाउन र एक सक्षम एवम् गुणस्तरीय सेवाप्रदायक संस्थाको रुपमा स्थापित हुन निर्देशन दिनुभयो। तत् पश्चात माननीय मन्त्री तथा राज्यमन्त्रीज्यूले नारायणहिटी दरबार संग्रहालयको समेत अवलोकन एवम् निरीक्षण गरी संग्रहालयको सञ्चालन अवस्थाबारे जानकारी लिनुभयो। सो क्रममा माननीय मन्त्रीज्यूले संग्रहालयको अवलोकनका लागि आउने अवलोकनकर्ताहरुका लागि E-Ticketing को व्यवस्था गर्न साथै संग्रहालयको सरसफाईमा विशेष ध्यान राखी अवलोकनकर्ताहरुको अवलोकन भ्रमण सहज हुने गरी संग्रहालयको व्यवस्थापन गर्न निर्देशन दिनुभयो।

मिति: २०७९/१०/०९

(राजेन्द्र कुमार के.सी)
प्रवक्ता/सहसचिव